नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# सूचना तथा प्रसारण विभाग
सञ्चारग्राम, काठमाडौं

# वि.सं. २०८३ सालको भित्तेपात्रो, शुभकामना डायरी र नेपाल परिचय पुस्तक छपाइ गरी बिक्री वितरण गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र मागको सूचना

दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०८/१७

१) वि.सं. २०८३ सालको भित्तेपात्रो, शुभकामना डायरी र २०८२/८३ को नेपाल परिचय पुस्तक नयाँ संस्करण छपाइका लागि सिलबन्दी दरभाउपत्र माग गरिएको छ ।

२) उक्त दरभाउपत्र खरिद गर्न फर्म/कम्पनीको अद्यावधिक ईजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र अद्यावधिक करचुक्ता प्रमाणपत्रहरु आवेदनसाथ सिलबन्दी दरभाउपत्र दस्तुर रु. १०००।- (फिर्ता नहुने) तिरी १५औं दिनसम्म कार्यालय समयभित्र सिलबन्दी दरभाउपत्र खरिद गरी १६औं दिन दिनको १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र विभागमा दर्ता गर्न हुन अनुरोध छ ।

३) उक्त सिलबन्दी दरभाउपत्र १६ औं दिन दिनको २:०० बजे खोलिने छ । सिलबन्दी दरभाउपत्र दर्ता गर्ने एवं खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ । तर सिलबन्दी दरभाउपत्रदाताका प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

४) यस विभागबाट दरभाउपत्र स्वीकृत भएपछि सामग्री छपाइ गरी बिक्री वितरण गर्न **न्यूनतम रोयल्टी** रकम रु. ८,०३,०००। को २.५ प्रतिशतले हुन आउने रकम रु. २०,०७५।- (अक्षरुपी बीस हजार पचहत्तर रुपैया मात्र) को.ले.नि.का. काठमाडौंको नाममा नेपाल राष्ट्र बैंक बालुवाटारमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा जम्मा गरेको सक्कलै भौचर वा यस विभागको नाममा "क" वर्गको मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाले जारी गरेको १ वर्ष अवधि रहेको बैंक जमानतको सक्कलै जमानतपत्र संलग्न राख्नुपर्नेछ ।

५) नयाँ वर्ष २०८३ को भित्तेपात्रो ५,८०० थान र स्पाइरल बाइन्डिङ्ग भएको २०० थान, टेबल क्यालेन्डर २५० थान, शुभकामना डायरी ३००० थान र नेपाल परिचय पुस्तक १२७५ थान निःशुल्क उपलब्ध गराउनु पर्नेछ । निःशुल्क उपलब्ध गराउने भित्तेपात्रो, शुभकामना डायरी र नेपाल परिचय पुस्तकमा **निःशुल्क** शब्द उल्लेख गरेको हुनुपर्नेछ ।

६) मुद्रकले बिक्री गर्ने क्यालेण्डरमा प्रति भित्तेपात्रो रु.६०/- (साठी), शुभकामना डायरीमा प्रति डायरी रु.३५०/- (तीन सय पचास) र नेपाल परिचय पुस्तक रु. ३५०/- (तीन सय पचास) मूल्य अंकित गरी सो मूल्यमा नबढ्ने गरी बिक्री वितरण गर्नुपर्नेछ ।

७) सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित)बमोजिम रीत नपुगी, म्याद नाघी प्राप्त हुन आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

८) विभागलाई उपलब्ध गराउने प्रकाशन र तोकिएको मूल्यमा बिक्री गर्न पाउने प्रकाशनको गुणस्तरमा फरक गर्न पाइने छैन । गुणस्तरमा फरक परे छपाई गर्ने फर्म कम्पनी जवाफदेही हुनेछ ।

९) सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा निहित रहने छ ।

**खरिद एकाई**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

सञ्चारग्राम, काठमाडौं

## वि.सं. २०८३ सालको भित्तेपात्रो, शुभकामना डायरी र नेपाल परिचय पुस्तक छपाइ गरी बिक्री वितरण गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र मागको सूचना

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०८/१७)

वि.सं. २०८३ सालको भित्तेपात्रो, शुभकामना डायरी र २०८२/८३ को नेपाल परिचय पुस्तक नयाँ संस्करण छपाइका लागि सिलबन्दी दरभाउपत्र माग गरिएको छ।

| क्र.सं. | विवरण | स्थान, समय र मिति |
|---|---|---|
| १ | सिलबन्दी दरभाउपत्र खरिद गर्ने स्थान, अन्तिम मिति र समय | सूचना तथा प्रसारण विभाग, सञ्चारग्राम, काठमाडौं, मिति २०८२/०९/०२ गते कार्यालय समयभित्र |
| २ | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय | मिति २०८२/०९/०३ गते दिउँसो १२:०० बजे सम्म |
| ३ | दरभाउपत्र खोल्ने मिति र समय | मिति २०८२/०९/०३ गते दिउँसो २:०० बजे |
| ४ | दरभाउपत्र खरिद गर्दा लाग्ने दस्तुर | रु. १०००/- (अक्षेरुपी एक हजार मात्र) फिर्ता नहुने गरी |
| ५ | यस विभागबाट दरभाउपत्र स्वीकृत भएपछि सामग्रीहरू छपाइ गरी बिक्री वितरण गर्ने न्यूनतम रोयल्टी रकम रु. ८,०३,०००/- (अक्षरुपी आठ लाख तीन हजार रुपैयाँ मात्र) कायम गरिएको छ। | |

*नोटः* यसको विस्तृत सूचना तथा प्रसारण विभागको वेभसाइट www.doib.gov.np मा हेर्न सकिने छ।